झापा गाँउपालिकाको विधुतिय महसूल भुक्तानि
सम्वन्धी कार्यविधि २०७९

प्रस्तावना :-

नेपालको संविधान तथा स्थानिय सरकार संचलन ऐन, २०७४ को दफा १०२ को उपदफा -३ बमोजिम झापा गाउँपालिकाले गाँउपालिका भरिका सवै वडामा स्थायी बसोवास गर्ने नागरिकको विधुत भुक्तानिको व्यवस्था गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) .यो कार्यविधिको नाम "झापा गाउँपालिकाको विधुतिय महसुल भुत्तानी सम्बन्धि कार्यविधी २०७९" रहेको छ ।

(ख). यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेपछि लागु हुनेछ ।

**२. परिभाषा** :- विषय वा प्रसङ्गले अर्को आर्थ नलागेमा

(क) विधुतीय महसुल भन्नाले झापा गा.पा.को क्षेत्रभित्रका नागरिकले प्रयोग गरेको बिजुलिको मासिक रुपमा तिर्नुपर्ने महसुल बुझिन्छ ।

(ख) " परिवार" भन्नाले सदस्यको पति वा पत्नि, छोरा बुहारी, धर्मपुत्रपुत्रि, बाबु आमा, सौतेनी आमा र आफ्ले पालनपोषण गर्नु पर्ने दाजु, भाई, भाउजु बुहारी, दिदिबहिनी सम्झनुपर्छ तर अंश वण्डा गरि छुटै बसेकालाई जनाउदैन ।

(ग) मासिक शुल्क भन्नाले - झापा गा.पा. मा स्थायी वसोवास गरि विधुत प्रयोग गरे वापत एक महिनामा बुझाउनु पर्ने रकम सम्झनु पर्छ ।

(घ) विलम्ब शुल्क भन्नाले तोकिएको समय भन्दा ढिला बुझाएको विधुत महसुललाई बुझ्नुपर्छ ।

**३. <u>विधुत महसुल भुत्तानि</u>**

**क) घरायसी प्रयोग सम्बन्धमा :**

(१). झापा गाउँपालिकामा स्थायी बसोवास गरेका सवै नागरिकले मासिक रुपमा बढिमा **३०** युनिट सम्म विधुत खपत गरेमा यो सुविधा प्राप्त गर्न सकिने छ ।

(२). उपदफा (१) बमोजिमको सुविधा लिन तपसिलमा उल्लेख भएका कागज पत्र सहित **गाउँ कार्यपालिकाको** कार्यालयमा निवेदन दिनु पर्ने छ ।

१. नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
२. घरधुरी परिचयपत्रको प्रमाण पत्र ।
३. विधुत प्राधिकरणमा महसुल तिरेको रसिद **वा प्रमाण** ।

**ख) कृषि प्रयोजनका लागि :**

(१). झापा गाउँपालिकामा स्थायी बसोवास गरेका **कृषिमा संलग्न** नागरिकले **कृषि कार्यमा प्रयोग भएको वा खपद गरेको बिद्धुतको महसुलमा ५०%(पचास प्रतिसाद) सम्म मात्र लागत सहभागीता वा सहुलियत उपलब्ध गराउन सकिने छ** ।

(२). उपदफा (१) बमोजिमको सुविधा लिन तपसिलमा उल्लेख भएका कागज पत्र सहित **गाउँ कार्यपालिकाको** कार्यालयमा निवेदन दिनु पर्ने छ ।

**क)**. नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

**ख)**. घरधुरी परिचयपत्रको प्रमाण पत्र ।

**ग)**. विधुत प्राधिकरणमा महसुल तिरेको रसिद **वा प्रमाण** ।

**घ) चालु आ.वमा मालपोत तिरेको रसिद /**

## ३).समय अवधि :

विधुत प्राधिकरणमा मासिक **वा २/२ महिना वा** ३/३ **वा ४/४** महिना **सम्मको** महसुल बुझाएको/ **तिरेको** रसिद जम्मा **गरि कृषकले गाउँ कार्यपालिकाको** कार्यालयमा निवेदन दिनुपर्ने छ ।

माथि जेसुकै लेखिएको भएता पनि, घरधुरी कर नतिरेका सेवाग्राहिलाई **गाउँ कार्यपालिकाको कार्यालयले सेवा सुविधा उपलब्ध गराउने छैन** ।

## ४. विलम्ब शुल्क सम्बन्धमा :

नेपालविधुत प्राधिकरणमा मासिक रुपमा बुझाउनु पर्ने विधुत महसुल समयमा नबुझाई विलम्ब शुल्क तिरेको हकमा **बिलम्ब सुल्क घटाएर** मात्र कार्यलयले **रकम** उपलब्ध गराउने छ ।

## ५. बचाउ सम्बन्धमा :

१. यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछन /

२. यस अघि झापा गाउँपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ /